सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

आदेश

०७७-wo-१२४३

मुद्दा : **उत्प्रेषण समेत**।

रूक्सना कपाली समेत------------------------------------------------------------ निवेदक

विरूद्ध

केन्द्रीय तथ्याङ्क विभाग समेत ------------------------------------------------ विपक्षी

यसमा निवेदकको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री संजय अधिकारी र श्री प्रपुसा के.सी.ले भर्चुअल प्रविधिबाट गर्नु भएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? माग बमोजिम आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण सहित १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्नू भनी यो आदेश र रिट निवेदनको एक-एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघे पछि महान्यायाधिवक्ताको कार्यालयलाई पेशीको सूचना दिनू।

साथै निवेदकहरूले अन्तरिम आदेश माग गरेको सम्वन्धमा विचार गर्दा दुवै पक्षलाई राखी छलफल गर्न उपयुक्त देखिएकोले मिति २०७८।३।३० गतेको पेशी तोकी विपक्षीहरूलाई अन्तरिम आदेश छलफलको लागि सूचना दिई नियमानुसार पेश गर्नू।

न्यायाधीश

ईति सम्वत् २०७८ साल असार २५ गते रोज ६ शुभम् --------------------------